# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, साउन ४ गते, २०८३ साल (संख्या २२

## भाग २

### नेपाल सरकार

### कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको

### सूचना

नेपाल सरकार, मन्त्रिपरिषद्‌ले सङ्घीय संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७३ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको अनुसूची-२ को क्रमसङ्ख्या १., २., ३. र द्रष्टव्यको सट्टा देहायका क्रमसङ्ख्या १., २., ३. र द्रष्टव्य राखी हेरफेर गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"

| क्र. सं. | सुविधाको किसिम | इकाई दर | सभामुख र अध्यक्ष | प्रतिनिधि सभामा विपक्षी दलको नेता, उपसभामुख र उपाध्यक्ष | राष्ट्रिय सभामा विपक्षी दलको नेता, सत्ता पक्षको नेता र सत्ता पक्षको मुख्य सचेतक | विपक्षी दलको प्रमुख सचेतक, सत्ता पक्षको प्रमुख सचेतक र सभापति | दलको प्रमुख सचेतक, सत्ता पक्षको सचेतक र विपक्षी दलको सचेतक | सदस्य |
|---|---|---|---|---|---|---|---|---|
| १. | प्रमुख स्वकीय सचिव (रा.प.प्र.) | जना | १ | – | – | – | – | – |
| २. | स्वकीय सचिव (रा.प.द्वि.) | जना | १ | १ | १ | १ | १ | – |
| ३. | स्वकीय सचिव (रा.प.तृ.) | जना | १ | – | – | – | – | १ |

द्रष्टव्य :

१. स्वकीय सचिवालयका कर्मचारीले सुरु स्केल अनुसारको तलबमात्र पाउनेछन्। सभामुख र अध्यक्षका प्रमुख स्वकीय सचिवले नेपाल सरकारको रा.प. प्रथम श्रेणीको कर्मचारी सरह सवारी र इन्धन सुविधा पाउनेछन्।

२. स्वकीय सचिवालयका कर्मचारीले यस ऐनबमोजिम प्राप्त गर्ने पारिश्रमिक निजको बैङ्क खातामा उपलब्ध गराइनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।